आज मिति २०७४/०४/२४ गते यस हलेसी तुवाचुङ नगरकार्यपालिकाको बैठक नगर प्रमुख श्री इवन राईज्यूको अध्यक्षतामा नगरपालिकाको कार्यालयमा बसी निम्नानुसारको निर्णयहरु गरियो ।

उपस्थिति :

| क स | पदाधिकारीको नाम | पद | सम्पर्क न. | हस्ताक्षर |
|---|---|---|---|---|
| ०१ | इवन राई | नगर प्रमुख | ९८५१००९८७९ | [signature] |
| ०२ | विमला राई | नगर उप-प्रमुख | ९८४२९७४५७१ | [signature] |
| ०३ | रुद्र कुमार राई | वडा अध्यक्ष | ९८४२८०८५८४ | [signature] |
| ०४ | हरिकुमार खड्का | वडा अध्यक्ष | ९८५२८४९३४२ | [signature] |
| ०५ | मलाराज राई | वडा अध्यक्ष | ९८४२९०५६८३ | — |
| ०६ | किशोर कुमार वस्नेत | वडा अध्यक्ष | ९८०८११२२५८ | |
| ०७ | रमेश तिवारी खत्री | वडा अध्यक्ष | ९८५१२१५३३० | — |
| ०८ | रमेश कुमार राउत | वडा अध्यक्ष | ९८५१००२३५४ | [signature] |
| ०९ | चइन्द्र राई | वडा अध्यक्ष | ९८६३८४३०२० | [signature] |
| १० | पृथ्वीराज राई | वडा अध्यक्ष | ९८४२९५०७६६ | [signature] |
| ११ | काशीराज राई | वडा अध्यक्ष | ९८६२६८५२४६ | [signature] |
| १२ | जान बहादुर पुरी | वडा अध्यक्ष | ९८१५७५८३४४ | |
| १३ | सन्तोष खत्री | वडा अध्यक्ष | ९८०४७९७३९३ | [signature] |
| १४ | निर्पध्वज वि क | दलितसदस्य | ९८०७७२९८६८ | — |
| १५ | दिपक कुमार रहपाल | दलित सदस्य | ९८४२८०६२१४ | [signature] |
| १६ | जाल बहादुर परियार | दलित सदस्य | ९८१३४५६७२१ | [signature] |
| १७ | गंगादेवी दाहाल | महिला सदस्य | ९८४३४३६३९८ | गंगा |
| १८ | सुमित्रा राई | महिला सदस्य | ९८६१११९००० | — |
| १९ | हल्कीमाया सार्की | महिला सदस्य | ९८१९७१८४१२ | [signature] |
| २० | रमा श्रेष्ठ | महिला सदस्य | ९८१३५६५८५० | रमाश्रेष्ठ |
| २१ | मन्जु कार्की वस्नेत | महिला सदस्य | ९८६२८२८०९० | |
| २२. | अनिल किराती | सदस्य सचिव | ९८५२८४९२०४ | [signature] |
| २३. | अशोक आचार्य | लेखापाल | ९८४१५७५२५८ | [signature] |
| २४. | [illegible] | — | | |

## प्रस्तावहरु

प्रस्ताव नं. १ वडाध्यक्षहरुद्वारा कार्य सम्पादन प्रस्तुत सम्बन्धमा।
– ,, – नं. २ नगरपालिकाको भवनको लागि जग्गा प्राप्तीको सूचना सम्बन्धमा।
– ,, – नं. ३ मालपोत कर निर्धारण गर्ने सम्बन्धमा।
– ,, – नं. ४ न्यायिक समिति गठन तथा अन्य समितिको पूर्णता सम्बन्धमा।
– ,, – नं. ५ नगर सभा सँचालन कार्यविधि २०७४ सम्बन्धमा।
– ,, – नं. ६ नगर सभा र सभय तालिका सम्बन्धमा।
– ,, – नं. ७ विविध (क)
– ,, – नं. ८ विविध (ख)

## निर्णयहरु

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल हुँदा सबै वडाबाट भए गरेका काम कारवाही र सेवा प्रवाहको विषयमा सम्बन्धित वडा अध्यक्षहरुद्वारा कार्य सम्पादन प्रतिवेदन प्रस्तुत भयो। यस प्रवाहमा अनुगमन तथा निरिक्षण, ^वडा^ कार्यालयको व्यवस्थापन, भुकम्प द्वारा क्षति भएको घर पुन:निर्माण, टोल/बस्ती स्तरमा नगरको संयन्त्र, उपलब्ध स्रोतहरुको परिचालन तथा व्यवस्थापन, नगरको मूल्य बजार केन्द्रहरुको सरसफाई, गत आर्थिक वर्षको योजना कार्यान्वयन, वडा कार्यालयको दैनिक नियमित सँचालन, विषयगत कार्यालयहरुको उचित व्यवस्थापन र सँचालन, राजस्व निर्धारित दरमा नियमित सँकलन, लगायतका विषयहरुमा प्रतिवेदन पेश भयो। चुनौतीको बीचमा नगरपालिकाको समग्र विकासको लागि नगर विकास योजना तर्जुमा गरि अगाडी बढ्ने विषयमा नगर प्रमुखबाट सघन रुपमा पहल र प्रयत्न भईरहेको प्रतिवेदन बैठकमा प्रस्तुत भयो।

निर्णय नं. २ प्रस्ताव नं. २ माथि छलफल हुँदा हलेसी तुवाचुङ न. पा. को भवनको लागि प्रथम चरण जग्गा प्राप्तीको सूचना तपशिलको मापदण्ड निर्धारण गरि प्रथम

परचको १५ (पन्ध्र) दिने सूचना प्रकाशन गर्ने सर्वसम्मत बाट निर्णय गरियो।

तपशिल

(क) जग्गा नि:शुल्क हुनुपर्नेछ।
(ख) जग्गाको क्षेत्रफल न्यूनतम १० (दश) रोपनी हुनुपर्नेछ।
(ग) जग्गाको जग्गा धनी प्रमाण पुर्जा र सहमतीको हस्ताक्षर सहित जग्गादाताको निवेदन दिनुपर्नेछ।
(घ) प्रदान गर्न चाहेको जग्गा कुनै पनि मुद्दा मामिलामा नपरेको हुनुपर्नेछ।
(ङ) जग्गा राजमार्गको नजिक हुनुपर्नेछ।
(च) समतल जग्गालाई प्राथमिकता हुनेछ।
(छ) जग्गाको न्यूनतम क्षेत्रफलभन्दा बढि भन्दा बढि जग्गाको क्षेत्रफल प्रदान गर्नेलाई प्राथमिकतामा राखिनेछ।
(ज) जग्गाको आकार मिलेको हुनुपर्नेछ।
(झ) जग्गा हालको नगरपालिकाको भवनको निम्न चार किल्ला भित्र हुनुपर्नेछ।

पूर्व :- होलखुड पाखो सम्म।
पश्चिम :- खयसिनी भन्ज्याङको बर सम्म।
उत्तर :- ~~मध्ये भाइ~~ होलखुड पखोको बर र खयसिनी भन्ज्याङको बर बीचको सडकलाई मध्ये मानी १००० (एक हजार) मीटर सम्म चौडाइ।
दक्षिण :- होलखुड पाखोको बर र खयसिनी भन्ज्याङको बर बीचको सडकलाई मध्ये मानी १००० (एक हजार) मीटर सम्म चौडाइ।

(ञ) जग्गा मालिको सूचना प्रकाशन प्रथम मिति

२०६४ श्रावण २५ गते बुधबारका १५ (पन्ध्र) दिन को लागि २०६४/४/२६ गते बिहान १०.०० बजे प्रथम पटकको सूचना प्रकाशन गरिनेछ।

निर्णय नं. ३ प्रस्ताव नं. २ माथि छलफल गर्दा मिति २०६४ साल श्रावण २५ गते देखि लागु हुने गरी नगर को सम्पूर्ण वडाहरुमा समदरले मालपोत कर संकलन गर्ने गरी तपसिलको दररेट निर्धारण गरी लागु गर्ने सर्वसम्मत बाट निर्णय गरियो।

तपसिल

(क) जुनसुकै प्रकारको जग्गा भएपनि ५ रोपनी भन्दा कम जग्गाको रजिष्ट्रेशन भएका जग्गाको मालपोत कर प्रति जग्गा धनी प्रमाण पुर्जा अनुसार रु. ५०/- (पचास) असुल गर्ने।

(ख) ५ रोपनी देखि १० रोपनी सम्मको रु. ७५/- (पचहत्तर) असुल गर्ने।

(ग) १० रोपनी देखि २० रोपनी सम्मको रु. १००/- (एक सय) असुल गर्ने।

(घ) २० रोपनी माथि प्रति रोपनी रु. १०/- दरले थप जोड गरी असुल गर्ने।

निर्णय नं. ४ प्रस्ताव नं. ४, ५ र ६ को छलफल र निर्णय आगामी बैठकमा गर्ने निर्णय सर्वसम्मत बाट गरियो।

निर्णय नं. ५ प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिकाको प्रथम वर्षको चालु आ.व. २०६४/०६५ को चालु प्रकृतिको खर्च दायित्व :- तलब भत्ता, वडाहरुको कार्यालय सञ्चालन, व्यवस्थापन, तथा सामान्य मर्मत सम्भार (सामान्य) खर्च तथा दायित्वहरु नगर सभा नभएसम्मको लागि सालबसाली,

गाउँ परिषद्‌बाट पारित गरेको कार्यक्रम तथा बजेट अनुरुप हुने चालु खर्च व्यवस्थापन सबै ११ वटै वडा कार्यालयलाई गर्ने निर्णय सर्वसम्मतबाट गरियो।

निर्णय नं. ८ प्रस्ताव नं. ८ माथि छलफल गर्दा मिति २०६४/३/३० गतेको बैठकमा निर्णय भए अनुसार २०६४/४/३१ गते पारित भएको नगर परिषद्को कार्यक्रम भएको बमोजिम निर्णय गर्ने गरी कार्यक्रम स्वीकृत गरेको निर्णय सर्वसम्मतबाट गरियो।

निर्णय नं. ९ प्रस्ताव नं. ९ माथि व्यापक छलफल गर्दा छलफलमा [illegible]-न.पा. को योजना तथा बजेट तर्जुमा सम्बन्धी मार्गदर्शनको बारेमा मिति २०६४/४/३२ गतेका दिन समापन गर्ने निर्णय सर्वसम्मतबाट गरियो।

निर्णय नं. १० प्रस्ताव नं. १० माथि छलफल गर्दा यस नगर कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुका दरबन्दी अनुसारका कर्मचारी यथा-स्थिति व्यवस्थापन गर्नको लागि जिल्ला कर्मचारी व्यवस्थापन समितिलाई सिफारिस गर्ने सर्वसम्मतबाट निर्णय गरियो।